त्रिभुवन विश्वविद्यालय
वन विज्ञान अध्ययन संस्थान
पोखरा क्याम्पस
पोखरा, नेपाल

च.नं.: ९८२५/०७९/०८०

२०७९।१०।१८

**अन्नपूर्ण छात्रबासको Water Proofing गर्ने सम्बन्धी शीलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

यस क्याम्पसको अन्नपूर्ण छात्राबासमा पानी सिपेज( Water Proofing) तथा BOQ मा उल्लेख भएअनुसार अन्य मर्मत संभारको कार्य गर्नु पर्ने भएको हुंदा अनुमानित लागत रकम भ्याट सहित रु, १०,१०,७६७।३९ ( दश लाख दश हजार सात सय सतसठ्ठी र पैसा उनन्चालिस मात्र) मा कामकाज गर्न ईच्छुक, कालो सूचीमा नपरेका अनुभवी आधिकारिक ईजाजत प्राप्त फर्म वा पार्टीहरुवाट मिति २०७९।११।०५ गते भित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शीलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउपत्र फाराम रु. १०००।- (एक हजार मात्र फिर्ता नहुने गरी तिरी) बुंदा नं. ३ मा उल्लेखित बैंक खातामा जम्मा गरेको बैंक भाउचरको लेखा शाखावाट रसिद लिई सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र दाताले अन्तिम कर क्लिरेन्स गरेको प्रमाण पत्र, फर्म नविकरण गरिएको प्रमाण पत्र, उद्योग दर्ता प्रमाण पत्र, भ्याट तथा प्यान दर्ताको प्रमाण-पत्रकासाथै अन्य आवश्यक कागजातहरु दरभाउपत्र फारामसाथ संलग्न गर्नु पर्नेछ ।

३. आफूले बोलकवोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटीका रुपमा यस क्याम्पसको नेपाल वैक लिमिटेड पृथ्वीचोक स्थित च.हि.नं. १९२००१००५७९५७२००००१ मा जम्मा गरेको वैक भाउचर वा ७५ दिन मान्य अवधि भएको वाणिज्य वैंकको वैंक ग्यारेन्टी दरभाउपत्र फाराम साथ संलग्न गर्नु पर्नेछ । साथै दरभाउपत्र स्वीकृत भएपछि बोलकवोल गरेको अंकको ५% मा नपुग रकम पुन: दाखिला गर्नुपर्नेछ ।

४. दरभाउपत्र फाराम जुन फर्मको नामबाट खरीद भएको हो सोही फर्मको नामबाट दाखिला गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाखिला गर्दा फर्मको नाम, ठेगाना र सही छाप प्रष्ट रुपमा उल्लेख गरी शीलबन्दी खामको बाहिर अन्नपूर्ण छात्राबासको सिपेज मर्मत संभार सम्बन्धी दरभाउपत्र भनि उल्लेख गर्नु पर्नेछ ।

६. कार्य सम्पन्न भएपछि कम्तीमा १ वर्षको मेन्टिनेन्स अवधि रहनेछ र रिटेन्सन मनि वापत ५% ले हुने रकम कट्टा गरी धरौटी स्वरुप राखिनेछ ।

७. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस क्याम्पसमा निहित हुनेछ ।

८. म्याद भित्र प्राप्त दरभाउपत्रहरु दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा मिति २०७९।११।०६ गते बेलुका ५.०० वजे यस क्याम्पसमा खोलिने छ । तर दरभाउपत्र दाताको उपस्थिति नभए पनि दरभाउपत्र खोल्न सकिनेछ ।

९. रीत नपुगेको तथा म्याद नाघि प्राप्त भएका दरभाउपत्रहरु स्वीकृत हुने छैनन् ।

१०. अन्य जानकारीका लागि यस क्याम्पसमा सम्पर्क गर्न सकिने छ ।

प्रा.विनोद प्रसाद हेज्यू
क्याम्पस प्रमुख
**क्याम्पस प्रमुख**